जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि परेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १७४ • २०८२ बैशाख २ गते मंगलवार • 15 Apr. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-



नव वर्ष २०८२ तथा आज पर्न गएको मधेसको आस्थाको पर्व जुडशितलको सुखद अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना ।

जलेश्वरटुडे दैनिक र अनलाइन


## नेता झाजीको नैतिकहिन, गैरकानूनी, तथा गैर राजनीतिक कार्यको घोर भर्त्सना: अध्यक्ष महतो

जलेश्वरटुडे समाचारदाता
धनुषा, १ बैशाख

नेपाल सरकारका पुर्वमन्त्री, पुर्व सांसद समेत रहेका हाल लोसपाका वरिष्ठ नेता अनिल कुमार झाजी केहि दिन अघि गर्नुभएको नैतिकहिन, गैरकानूनी, तथा गैर राजनीतिक कार्यको घोर भर्त्सना गर्दै नेसपाको अध्यक्ष राम कुमार महतोले प्रेस विज्ञप्ती जारी गरेको छ। २०८१ साल मंसिर १, २ र ३ गते सम्पन्न यस नेपाल सदभावना पार्टीको राष्ट्रिय महाधिवेशनबाट सर्वसम्मत्त रुपमा रामकुमार महतो केन्द्रिय अध्यक्षमा निर्वाचित भएको थियो।



निवार्चन आयोगले समेत २०८१ पुष २४ गते यस नयाँ कार्यसमिति र शंसोधित विधान २०८१ लाई अध्यावधिक गर्दै प्रमाणपत्र समेत प्रदान गरिसकको छ। विज्ञप्ति अनुसार यसै बीचमा पार्टी र म विरुद्ध केहि घृणित कार्यहरु भएका छन्। जसको उजागर गर्न जरुरी देखिन्छ। मिति २०८१ साल चैत्र ९ गते शनिवार यस नेपाल सदभावना पार्टीको केन्द्रिय कार्यालय जनकपुरधाममा पार्टीको केन्द्रिय कार्यसमितिको बैठक आयोजना भयो। बैठकमा नेपाल सदभावना पार्टी र राष्ट्रिय सदभावना पार्टीबीच एकिकरण तथा पार्टीका नियामावली एंव घोषणापत्र सम्वन्धी छलफलबारे प्रमुख एजेण्डा रहेको थियो। बैठक सुरु भएको एक घण्टापछि अचानक अनुमति बिना नै बैठक हलमा अनिलकुमार झाजीको प्रवेश भयो। उहाँ नेपाल सरकारका पुर्वमन्त्री समेत रहेका लोसपाका बरिष्ठ नेता समेत हुनुहुन्छ। तर पनि हामिले उहाँलाई सम्मान गर्दै बैठकमा आसनग्रहण गरायौं। उहाँले आफूलाई नेपाल सदभावना पार्टीको केन्द्रिय अध्यक्ष पदमा चैन गर्न प्रस्ताव राख्नुभयो। हामि आश्चर्य चकित भयौं, यसरी कसरी हुन्छ ? हाम्रो विधि विधान पनि त छ, भन्दै साथीहरुले प्रतिकार पनि गर्नु भयो। तर पनि पछि छलफल गरौंला आजको बैठक अर्के एजेण्डामा केन्द्रित छ। पछि छलफल गरौंला भन्दै उहाँलाई बैठकबाट विदा गरियौं। त्यसपछि नियामित ढङ्गबाट बैठक संचालन भई सम्पन्न भयो। त्यसपछि अनिलकुमार झाजी कै षडयन्त्रमा मिति २०८१ चैत्र २१ गते यस पार्टीका सहमहासचिव सुजयकुमार झाले पार्टी प्रवेश गर्ने व्यक्तीलाई भेट्न जाऔं भन्दै म रामकुमार महतोलाई आफ्नो मोटरसाइकलमा बसाई महोत्तरी जिल्ला लानु भयो। म स्वयं जान इच्छुक भंए। मलाई कुनै षडयन्त्रको अनुभूती भएन तर उहाँले मलाई महोत्तरीको मनराशिशवा नपाको एक सुनसान ठाँउमा लग्नुभयो। कसैलाई मोवाइलमा लाइभ लोकेशन समेत सेयर गर्दै मलाई उक्त सुनसान स्थानमा पुचाउनु भयो। त्यहाँ अन्य ३ जना परिचालित थिए। जसमा एक जना ब्यक्तिसँग हतियार (पेस्तोल) समेत थियो। उनीहरुले मलाई डर, त्रास र पेस्तोल समेत देखाई एक राजिनामा पत्र र अन्य कागजातहरुमा हस्ताक्षर गर्न अर हाइरहे तर मैले कुनै पत्रमा हस्ताक्षर गरिन।

मोवाइलको मद्दतबाट जेनतेन स्थानीय नगर प्रहरी र मनराशिशवाको नेपाल प्रहरीअ द्वारा म उद्दार भएं। उक्त घट्नापछि सोही ठाँउमा सोही दिन रहेको मनराशिशवा प्रहरीमा रिर्पोट समेत लेखाएको छु। हाम्रो पार्टीको विधान अनुसार नयाँ अध्यक्ष चयन गर्न की केन्द्रिय अध्यक्षको राजिनामा, की अविश्वासको प्रस्ताव पारित, की अध्यक्षको मृत्यू वा कुनै कारणबाट अध्यक्ष पद रित्त भएमा विशेष महाधिवेशनबाट मात्र केन्द्रिय अध्यक्ष चयन हुने अथवा केन्द्रिय अध्यक्ष स्वयले राजिनामा गरी नयाँ केन्द्रिय अध्यक्ष मनोनित गरेपछि केन्द्रिय कार्यसमितिले नयाँ अध्यक्ष चयान गर्ने प्रावधान रहेको छ। सोही प्रावधान अनुसार अनिलकुमार झाजी आफू अध्यक्ष बन्ने प्रयासमा रहेको अहिले बुझिएको छ। जवकी उक्त प्रावधानअनुर कुनै पनि वैधानिक कार्य भएको छैन तर अनिलकुमार झाजीले बिभिन्न किर्ते कागजातहरु त्यार गरी जालसाझी शैलीमा आफू अध्यक्ष भएको र आफ्नो अनुकुलको केन्द्रिय समिति समेत तयार पारी २०८१ चैत्र २९ गते निर्वाचन आयोगमा प्रस्तूत भएको हुँदा उक्त कार्य प्रति गम्भिर ध्यानाकर्षण भएको छ। साथै विधान अनुसार निर्णय समेत कुनैपनि कागजातमा प्रमाणित गर्ने अधिकार केवल अध्यक्षलाई हुँदाहुँदै निर्वाचन आयोगमा प्रस्तूत गरिएका किर्ते कागजातहरुमा महासचिव सरस्वती कुमारी झाको हस्ताक्षर समेत देखिएकाले उक्त गैरवैधानिक कार्यप्रति समेत हाम्रो ध्यानाकर्षण भएको छ। अत: अनिलकुमार झाजीको षडयन्त्रमूलक कार्यको भर्त्सना सहित उक्त किर्ते कागजातहरुका अधारमा कुनै पनि निर्णय नलिन निर्वाचन आयोगलाई आग्रह समेत गर्दे हाम्रा दुई महासचिव मध्ये दोस्रो महासचिव सरस्वती कुमारी झा, सहमहासचिव सुजय कुमार झालाई आवश्यक कानूनी कारवाही गर्न समेत सम्वन्धित निकायलाई आग्रह गर्दै पार्टी र म विरुद्ध भएका यस्ता कार्यहरुप्रति घोर भर्त्सना गर्दै सो गैर जिम्मेवारीपुर्ण कार्यहरुमा संलग्न वा साक्षी नरहन पार्टीका सम्वन्धित सम्पुर्णमा आग्रह सहित यो प्रेस विज्ञप्ती जारी गरिएको छ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence



GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
Janakpurdham-12, Airport Road, Kuwa
Contact : 9824877627,9844027971,9815830601
Announces
Admission Open
for Session 2082
Entrance Exam Schedule
Form Distribution : 2082/01/02
Entrance Exam : 2082/01/3,4,5
Time : 11 AM
Result Publication : 2082/01/06
Time : 1 PM
Enrollment : From 2082/01/06
Class Begins : 2082/01/07,10 AM



## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रुपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुनपानीले हाथ धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र व्यायाम गरौं,
- लक्षण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# बाँडफाँट सुनिश्चित गर

*शासन प्रक्रियामा प्रतिभावान्, सक्षम र योग्य एवं दक्ष व्यक्तिलाई समुचित भूमिका दिन, पेसा व्यवसायमा एवं वृत्तिविकासका अवसरमा त्यस्ता व्यक्तिप्रति गरिएका अन्याय र विभेद अन्त्य गर्न उठेका स्वर र मुखरित आवाज सम्बोधन गरी योग्यता प्रणाली स्थापित गर्न पनि सङ्घीयता ल्याउनु अपरिहार्य थियो । सङ्घीयता संविधानवादी मान्यता हो । यो विधिको शासनमा आधारित लोकतान्त्रिक राज्य सञ्चालन प्रणाली मात्र नभई शक्ति सञ्चय, मातृभूमिको रक्षा, विकास तथा प्रवर्धन र पहिचानको बलियो आधार पनि हो ।*

*सङ्घीयता एक गहन र प्राविधिक विषय पनि भएकाले त्यसको स्वरूप तथा व्यवस्थापन र सञ्चालनलाई दिगो बनाउन सङ्घीय व्यवस्थापनका विविध आयामको गम्भीरतापूर्वक विश्लेषण, पूर्वअध्ययन र प्रभावको विश्लेषण गर्नु पर्छ । नेपालको सन्दर्भमा विदेशमा झैँ यो उपनिवेशवादबाट मुक्ति हुने स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्षको पीडाभन्दा पनि बढी आफ्नै खालका भूवास्तविक मौलिक विशेषतायुक्त स्वरूपबाट संविधानवादमा आधारित भएर विकसित प्रणालीगत अवधारणा हो । नेपालमा विगतदेखि देखिँदै आएको क्षेत्रीय असन्तुलन, वर्गीय विभेद तथा सामाजिक उत्पीडन समाप्त गर्न भनी सङ्घीयतामा जाने संवैधानिक निर्णय लिइएको पाइन्छ ।*

*फलतः यसमा समावेशीकरण, लोकतान्त्रीकरण तथा सबै वर्ग एवं तप्का र क्षेत्रका जनताको पूर्ण सहभागिता सहमति एवं सहकार्यको आवश्यकतालाई सम्बोधन गर्ने राज्यसंयन्त्र अपेक्षा गरिएको छ । सङ्घीयता राज्यका विभिन्न स्वरूपमध्येका एक बहुतह सरकारको अवधारणा हो । सैद्धान्तिक रूपमा सङ्घथन गर्दा सङ्घका राज्यमा सङ्घीय संविधानबाटै तहगत सरकारको गठन, अधिकार क्षेत्र र जिम्मेवारीको बाँडफाँट सुनिश्चित गरिनुपर्दछ ।*

# तराई-मधेशमा परम्परागत सतुवाइन पर्व श्रद्धा र भक्तिपूर्वक मनाइए,आज जुडशितल



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १ बैशख**

तराई-मधेशका विभिन्न जिल्लामा सोमबार परम्परागत सतुवाइन पर्व श्रद्धा र भक्तिपूर्वक मनाइएको छ । नयाँ वर्षको दिन अर्थात् वैशाख १ गते पर्ने यो पर्व गर्मी मौसममा फल्ने नयाँ अन्न र फलफूललाई देवी-देवतामा अर्पण गरी मनाउने परम्परा रहेको छ।

यस दिन विहानै नुहाई-धुवाई गरी देवी-देवताको पूजा गरेर सतुवा चढाइन्छ। सतुवाइन विशेष गरी धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिरहा, सप्तरी, पर्सा, बारा लगायतका जिल्लाहरूमा व्यापक रूपमा मनाइन्छ। पर्वको अवसरमा नयाँ जौंको सात्तु (सतुवा) बनाई गुड (मिठा) मिसाएर देवी-देवतामा अर्पण गरिन्छ । त्यसपछि सोही सतुवालाई प्रसादका रूपमा घरपरिवार र छिमेकीहरूलाई वितरण गर्ने चलन छ।

धनुषा जिल्लाकी ४५ वर्षीया संगीता देवी यादव भन्नुहुन्छ, "यो पर्व हाम्रो संस्कृति र स्वास्थ्यसँग जोडिएको छ। चैत-बैशाखको गर्मीमा सतुवा खानु शरीरको लागि निकै लाभदायक हुन्छ।" उहाँका अनुसार सतुवा चिसो प्रकृतिको पेय भएकाले शरीरको तापक्रम सन्तुलनमा राख्न मद्दत गर्छ। "गर्मी सुरु भएसँगै हाम्रो भान्सामा सधैं सतुवा तयार राखिन्छ," संगीता देवीले बताउनुभयो।

सामान्यतया देवी-देवतामा जौंको सतुवा मात्र अर्पण गरिए पनि, सर्वसाधारणले चना, गहुँ, मकै, जौं, चामल लगायतका अन्नको मिश्रणबाट बनाइएको सतुवा पानीमा घोली, स्वादअनुसार गुड, चिनी वा नुन मिसाएर ग्रहण गर्ने चलन रहेको छ। यसले शरीरलाई शीतलता प्रदान गर्ने विश्वास गरिन्छ । त्यसैले तराई-मधेशमा गर्मी बढेपछि विहान घरबाट बाहिर निस्कनुअघि सतुवा खाएर जानु सामान्य अभ्यास बन्न गएको छ । यसै सन्दर्भमा संस्कृतिकविद् परमेश्वर कापरी भन्नुहुन्छ, "सतुवा स्वास्थ्यका दृष्टिले पनि अति उपयोगी मानिन्छ । यसमा आवश्यक भिटामिन र पोषक तत्व पाइन्छ ।" उहाँका अनुसार, सतुवाइन पर्व संस्कृति, प्रकृति र परम्परागत जीवनशैलीसँग जोडिएको पर्व हो । कापरीका अनुसार, सतुवाइनको भोलिपल्ट मनाइने जुडशीतल पर्वमा विभिन्न परिकार–विशेषगरी तरकारीका तारेका परिकार (तरुवा) खाने चलन छ।

# आफ्नै वडाभित्र वडा कार्यालय सञ्चालनमा ल्याइए



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १ बैशाख**

भौगोलिक हिसाबले सर्लाहीको सबैभन्दा ठुलो र विकट क्षेत्रमा पर्ने लालबन्दी नगरपालिका-१५, मा आफ्नै वडाभित्र वडा कार्यालय सञ्चालनमा ल्याइएको छ। लालबन्दी १५ को झरझरामा निर्माण भएको वडा कार्यालय भवनको सोमबार नगरप्रमुख वासुदेव अधिकारीले उद्घाटन गर्नुभएको छ।

यसअघि लालबन्दी १६ स्थित परवानिपुरमा वडा नं. १५ र १६ को संयुक्त वडा कार्यालय सञ्चालनमा रहेको थियो। करिब ३६ लाख रुपियाँ लागतमा चार कोठे एक तले वडा कार्यालय भवन निर्माण गरी सञ्चालनमा ल्याइएको वडाध्यक्ष गोरबहादुर बलले जानकारी दिनुभयो । लालबन्दी १६ का सरोजकुमार खड्का र ललितकुमार थापा (राजु) ले निःशुल्क प्रदान गरेको चार कठ्ठा १० धुर जग्गामा वडा कार्यालय भवन निर्माण गरिएको हो । सोमबार वडा कार्यालय भवन उद्घाटनकै अवसरमा जग्गादाताद्वय खड्का र थापालाई कदर-पत्रसहित सम्मान गरिएको छ ।


# व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने
वृषः विचार गरेर बोल्नुहोला
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः अशुभ समाचार प्राप्त हुने
सिंहः खानपानमा समस्या आउने
कन्याः अनावश्यक चिन्ता
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः लामो यात्राको योग छ
मकरः अनावश्यक खर्चको संभावना
कूम्भः मनमा पछुतो आउने
मीनः आम्दानी हुने


## मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# डिभिजन वन कार्यालय महोत्तरीद्वारा विभिन्न योजनाहरु राम्ररी समपन्न



बर्दिबास सबडिभिजन कार्यालय



सुरक्षा शाखा पञ्चधुरा



गढन्ता सबडिभिजन वन कार्यालय



टुटेश्वर सबडिभिजन वन का.





बाँके सबडिभिजन वन कार्यालय,लक्ष्मीनियाँ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १ बैशाख**

डिभिजन वन कार्यालय महोत्तरीद्वारा संचालित विभिन्न योजनाहरु राम्ररी समपन्न भएको छ।

वन प्रमुख अजय कुमार मिश्रको अनुसार बर्दिबास सब डिभिजन कार्यालय,सुरक्षा शाखा पञ्चधुरा,गढन्ता सब डिभिजन बन कार्यालय,टुटेश्वर सब डिभिजन बन कार्यालय तथा बाँके सब डिभिजन वन कार्यालय लक्ष्मीनियाँ लगायतका निर्माण सम्बन्धी कार्यालय आफूले प्रक्रिया पुरा गरी समपन्न गराएको बताउनु भयो। वन प्रमुख मिश्रले कागजी मिलान गरेर ठेक्केदारसँग र कम असुल गरेको र कामै नभएको योजनामा समेत भुक्तानी गर्नका लागी टिप्पणीमा हस्ताक्षर गर्न दबाब दिएको सम्प्रेषित समाचार निराधार रहेको र मैले कामै गरेको छैन भने विभिन्न ठाउँहरुका निर्माण समपन्न भएका सब डिभिजन वन कार्यालयहरु मेरो लागि ठोस प्रमाणहरु हुन् र गलत बताउनेहरुका लागि मेरो जवाफ रहेको वहाँले थप्नुभयो। वन प्रमुख मिश्रले आफूले कुनै पनि योजनाको कार्य समपन्न गर्न गराउन कसैलाई पनि कुनै किसिमको गलत रकमको लेनदेन नगरेको बताउनुभयो। साथै मेरो कुनै पनि आफन्त यस योजना निर्माण सम्बन्धी कार्यहरुमा संलग्न नरहेको बताउनुभयो। वन प्रमुख मिश्रले आफू सेवाग्राहीको हकहितका लागि सदैब तत्पर रहेको कारण अहिलेसम्म करिब ३० हजार जिएफटी काठ महोत्तरीमा सरल र सुलभ तरिकाले शुपथ मूल्यमा आम जनतालाई बाँडेको बताउनुभयो।

# नयाँ वर्षमा 'हेल्लो काँशीराम' को टिजर सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**




आगामी जेठ २ गतेबाट देशभरका हलमा एकसाथ प्रदर्शनमा आउने चलचित्र 'हेल्लो काँशीराम' को टिजर सार्वजनिक गरेको छ। नयाँ वर्ष २०८२ को अवसर पारेर सार्वजनिक टिजर २ मिनेट ४ सेकेन्डको छ। टिजर देशको व्यथितिमाथि तिखो व्यङ्ग्य गरेर तयार पारिएको छ। टिजर हेरिसकेपछि यस चलचित्रमा नेपालको राजनीतिमा बाहिरी मुलुकहरूको हस्तक्षेपलाई नजानिँदो तरिकाले व्यङ्ग्य गरिएको बुझ्न सकिन्छ।

टिजर हेर्नेहरूलाई नेपालमा शासन गर्ने नेताहरूले बाह्य हस्तक्षेपकर्तालाई देउता मानेर पूजा गर्ने प्रवृत्तिमाथि यस चलचित्रले राम्रैसँग कटाक्ष गरेको अड्कल काट्न खासै गाह्रो पर्दैन। टिजरमा दिलीप रायमाझीलाई एक जना पीडित बेरोजगार युवाको रूपमा प्रस्तुत गरिएको छ, जसले बेरोजगार युवाहरूको प्रतिनिधित्व गरेका छन्। रेडलाइन फिल्मस् प्रालिको ब्यानरमा निर्माण भएको यस चलचित्रको लेखन तथा निर्देशन रिम विश्वकर्माले गरेका हुन्, उनी पुराना निर्देशक हुन्।

यस चलचित्रलाई पीवी थापाले लगानी गरेका हुन्। यम आले डीओपी, मित्र डी.गुरुङ सम्पादक तथा रङ्ग संयोजक रहेको चलचित्रमा दिलीप रायमाझीसँगै वरिष्ठ कलाकारहरू सुरवीर पण्डित, रामचन्द्र अधिकारी, सुशील पोखरेल, उमेर राई 'फुलन्देको आमा', भगेरी डन, नवज्योति रसाइली, सुमन खाँण, अजय न्यौपाने, सरोज केसी, उमेश मायालु, विवेश पुरी लगायतका कलाकारहरूको चलचित्रमा अभिनय देख्न सकिने निर्माण टिमले जनाएको छ। चलचित्रमा अभिनेत्री प्रियङ्का कार्कीको समेत विशेष भूमिका रहेको बुझिएको छ। तर, उनको के कस्तो भूमिका छ भन्ने कुरा अहिलेसम्म स्पष्ट खुलाइएको छैन। चलचित्रको नृत्य निर्देशन कविराज गहतराजले गरेका हुन्।

# बलिङ र ब्याटिङ चम्किँदा ओमानमाथि नेपालको सहज जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १ बैशाख**




स्पीनर युवराज खत्रीले ५ विकेट लिएपछि ओपनरले राम्रो ब्याटिङ गर्दै नेपालले आईसीसी यू-१९ विश्वकप एसिया छनोटमा लगातार दोस्रो जित निकालेको छ।

माथिल्लो मुलपानी क्रिकेट मैदानमा भएको खेलमा नेपालले ओमानमाथि ८ विकेटको सहज जित निकालेको हो। ११८ रनको लक्ष्य नेपालले १४.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गऱ्यो। निरज यादवले ४६ तथा साहिल पटेलले ४४ रन बनाए। ओमानका सौम्या भविनले २ विकेट लिए। त्यसअघि युवराज खत्रीको पाँच विकेटमा नेपालले ओमानलाई ११७ रनमा अलआउट गरेको थियो। युवराजले ७ ओभरमा १५ रन दिएर ५ विकेट लिएपछि ओमान ३८ ओभरमा ११७ रनमा अलआउट भएको थियो। जीत ब्रजेश साहले अर्धशतक बनाए।

७८ बलमा ६ चौकासहित उनले ५२ रन बनाए। सिद्धार्थ सोम्या शंकरले १६ रन बनाए। नेपालका लागि युवराजको ५ विकेटसँगै सन्तोष यादवले २ तथा दयानन्द मण्डल, अशोक धामी र अपराजित पौडेलले १-१ विकेट लिए। पहिलो खेलमा यूएईलाई हराइसकेको नेपालले अब तेस्रो खेलमा बुधबार हङकङसँग खेल्ने छ। पहिलो खेलमा यूएईलाई हराएको अफगानिस्तानले आज भएको अर्को खेलमा हङकङलाई हराएको छ।

नेपाल, अफगानिस्तान, हङकङ, ओमान र यूएई सहभागी यस छनोटमा शीर्ष हुने टोली आगामी वर्ष हुने आईसीसी यू-१९ विश्वकपमा छनोट हुनेछन्।



# वित्तीय संघीयता सुधारका सवाल

-झन्डै ६० प्रतिशत आयोजनाहरूमा दोहोरोपन देखिएको छ र तीनै तहका सरकारबीचको दोहोरो निर्णय प्रक्रियाले गर्दा पूर्वाधार विकासका महत्त्वपूर्ण परियोजनाहरूमा ढिलाइ हुने गरेको छ । नेपालको संविधान २०७२ जारी भएपछि नेपाल एकात्मकबाट संघात्मक शासन प्रणालीमा रूपान्तरित भई संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार छन् । तीनै तहका एकल र साझा अधिकार छन् । अवशिष्ट अधिकार संघीय सरकारमा छ । संघीय कानुनबमोजिम सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था पनि संविधानमा छ ।

संघीयता राजनीतिक, प्रशासनिक र वित्तीय गरी तीन प्रमुख आयामहरूमा आधारित छ । यीमध्ये राजनीतिक आयाममा स्थायित्व, प्रशासनिक आयाममा संघीय निजामती कर्मचारी ऐन जारी र वित्तीय आयाममा वित्तीय हस्तान्तरण प्रमुख चुनौती रहँदै आएका छन् । **वित्तीय संघीयताको अवस्था** वित्तीय संघीयता, संघीयताकै रक्तसञ्चार हो । यसको मुख्य उद्देश्य क्षेत्रीय असमानता कम गर्ने र समान विकास अवसरहरू प्रदान गर्नु हो । नेपालको सन्दर्भमा वित्तीय साधनस्रोत, शक्ति र जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच कुशलतापूर्वक बाँडफाँट गरी आम नागरिकहरूको आर्थिक सशक्तीकरण गर्ने माध्यमका रूपमा वित्तीय संघीयतालाई लिइन्छ ।

संविधानको धारा ६० मा तीनै तहका सरकारले आ-आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र राजस्व उठाउन सक्ने, नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहमा पारदर्शी र सन्तुलित वितरण गर्नुपर्ने प्रावधान छ । त्यस्तै प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने, खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान उपलब्ध हुने तथा ससर्त, समपूरक र विशेष अनुदानसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने भन्ने व्यवस्था छ । नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी ४ प्रकारको अनुदान उपलब्ध गराउँछन् । संघबाट प्रदेश र स्थानीय तहमा र प्रदेशबाट स्थानीय तहमा नियमित रूपमा वित्तीय समानीकरण अनुदान हस्तान्तरण गरिन्छ । यो अनुदानले आर्थिक रूपमा कमजोर क्षेत्र वा प्रदेशहरूलाई वित्तीय सहयोग प्रदान गरेर विकासका अवसरहरू समान बनाउने प्रयास गर्छ । यसको मुख्य उद्देश्य असमानता कम गर्नु हो । विशेष अनुदान विशेष कार्यक्रम सञ्चालनका लागि दिइन्छ । समपूरक अनुदान निश्चित आयोजना वा विकास कार्यक्रमका निम्ति दिइने अनुदान हो । कुनै निश्चित क्रियाकलाप वा कार्यक्रमको कार्यान्वयन गर्न गराउन, माथिल्लो तहको सरकारद्वारा तल्लो तहका सरकारलाई सर्तसहित उपलब्ध गराउने अनुदान ससर्त अनुदान हो ।

संघीयता कार्यान्वयन भएपश्चात् नेपालमा अन्तर-सरकारी वित्तीय हस्तान्तरणको एउटा महत्त्वपूर्ण प्रवृत्ति स्पष्ट देखिन्छ । समानीकरण अनुदानको तुलनामा अन्य अनुदानहरू, विशेषगरी ससर्त अनुदानमा उल्लेख्य वृद्धि भएको छ । समानीकरण अनुदानको तुलनामा अन्य अनुदानहरूको अनुपात बढ्नुमा केही कारण छन् : १. केन्द्रीय नियन्त्रण र निर्देशनको प्रवृत्तिको मानसिकता हावी छ । संघीय सरकारले स्थानीय र प्रादेशिक सरकारहरूलाई पूर्ण वित्तीय स्वायत्तता दिन अझै हिच्किचाएको देखिन्छ । ससर्त अनुदानको



माध्यमबाट केन्द्रीय सरकारले आफ्नो प्राथमिकता र नीतिगत लक्ष्यहरू स्थानीय र प्रादेशिकस्तरमा कार्यान्वयन गर्न चाहन्छ । यसले संघीय सरकारको केन्द्रीय नियन्त्रण कायम राख्ने प्रवृत्तिलाई प्रतिबिम्बित गर्दछ । २. संस्थागत क्षमताको अभाव र विश्वासको कमी छ । संघीय सरकार स्थानीय तह र प्रदेशको वित्तीय अनुशासन र प्राथमिकताहरूप्रति आश्वस्त नभएको अवस्थामा समानीकरण अनुदानभन्दा ससर्त अनुदानलाई प्राथमिकता दिनु स्वाभाविक भएको भान पार्न खोजे पनि त्यो सत्य होइन । हाल, स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूको उपस्थिति र पर्याप्त प्राविधिक जनशक्तिको उपलब्धता हुँदासमेत संघीय सरकारले नीति निर्देशन, प्राथमिकता र खर्चको ढाँचा तोक्ने प्रवृत्ति बढाउनु संविधानको मर्मविपरीत हो । ३. विकास परियोजनाहरूको विस्तार र समन्वयको आवश्यकता छ । ठूला पूर्वाधार विकास परियोजनाहरू, जस्तै सडक, पुल, सिँचाइ, विद्युतीकरण आदि, प्रायः स्थानीय र प्रादेशिक सिमानाहरू पार गर्ने प्रकृतिका हुन्छन् । यस्ता बहुक्षेत्रीय परियोजनाहरूमा समन्वय र एकरूपता कायम गर्न समपूरक र विशेष अनुदानहरू प्रभावकारी हुने भएको कारण अन्य अनुदानको अनुपात बढेको देखिन्छ । ४. अन्तर्राष्ट्रिय सहायता र वैदेशिक ऋणको प्रभाव र परिचालनको विषय पनि यसमा जोडिएको छ । अन्तर्राष्ट्रिय विकास साझेदारहरू र बहुपक्षीय वित्तीय संस्थाहरूद्वारा प्रदान गरिने वित्तीय सहयोग र ऋणहरू प्रायः ससर्त प्रकृतिका हुन्छन् र यी स्रोतहरूको परिचालन मुख्यतया ससर्त अनुदानको माध्यमबाट गरिन्छ । उदाहरणका लागि, विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता संस्थाहरूबाट प्राप्त हुने अनुदान तथा ऋणहरू प्रायः विशिष्ट परियोजना र कार्यक्रमहरूका लागि निर्देशित हुन्छन् । स्थानीय तथा प्रादेशिक सरकारहरूलाई ससर्त अनुदानका रूपमा हस्तान्तरण गरिन्छ ।

हाल संघीय सरकारले नयाँ वित्तीय अनुदान संरचनाहरूलाई अपनाउने क्रममा विशेष अनुदान र ससर्त अनुदानलाई बढी प्रयोग गरेको छ । समानीकरण अनुदानको तुलनामा अन्य अनुदानको अनुपात बढ्दो छ ।

साभार : कान्तिपुर ।





गणेशमान चारनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल








# जनकपुरधाम उपमहानगरद्वारा जारी किताबसूची प्रति नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघको आपत्ति




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १ बैशाख

जनकपुरधाम उपमहानगरपालिकाद्वारा जारी किताबसूची प्रति नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषाले आपत्ति जनाएको छ । गत बैशाख २९ गते शुक्रबारको दिन जनकपुरधाम उपमहानगरले सामाजिक संजालमा २०८२ सालमा निजी विद्यालयहरुमा लागु हुने पाठ्यपुस्तक तथा केही पब्लिकिकेशन मात्रको नामाबली प्रकाशन गरेको कारण आफूहरु बाध्य भएर चैत्र ३१ गते बैठक बसी यस पालिकाले जारी गरेको किताबको सूचीमा आर्थिक चलखेल गरी अपार्दशी तरिकाले सिन्डीकेटको अन्त्य सिन्डीकेट नै गरी नियम विपरित पाठ्यपुस्तक लागु गरेको हुनाले सम्पूर्ण पुस्तक बिक्रेता,अभिभावक,विद्यार्थी तथा संस्थागत विद्यालयहरु मारमा परेको हुनाले नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ घोर भर्त्सना गरेको मायनुटमा छ।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday